भाग ५

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालयको

सूचना

संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो कार्यविधि बनाइ लागु गरेको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "संरक्षित क्षेत्रमा पूर्वाधार निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि नेपाल राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अति संवेदनशील क्षेत्र" भन्नाले संरक्षित वन्यजन्तु वा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको संरक्षण, विकास र व्यवस्थापनको दृष्टिकोणले महत्त्वपूर्ण स्थल, वन्यजन्तुको प्रमुख बासस्थान, रामसारमा सूचीकृत क्षेत्र वा ऐतिहासिक, सांस्कृतिक वा वैज्ञानिक महत्त्वको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल सरकारले अति संवेदनशील क्षेत्र भनी तोकेको क्षेत्र सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको आयोजना वा लगानी बोर्डबाट स्वीकृत आयोजना सम्झनु पर्छ।

(ग) "आरक्ष" भन्नाले वन्यजन्तु आरक्ष वा शिकार आरक्ष सम्झनु पर्छ।

(घ) "उच्च सुक्खा मौसम अवधि" भन्नाले माघ १५ गतेदेखि जेठ १५ गतेसम्मको अवधि सम्झनु पर्छ ।

(ङ) "जग्गा प्राप्ति सहजीकरण समिति" भन्नाले दफा १० को उपदफा (१) बमोजिमको जग्गा प्राप्ति सहजीकरण समिति सम्झनु पर्छ।

(च) "पूर्वाधार" भन्नाले आयोजनाले निर्माण गर्ने सडक, पक्की पुल, नहर, खानेपानी, रेलमार्ग, हेलिप्याड, सुरुङमार्ग सम्झनु पर्छ र सो शब्दले विद्युत आयोजनाको हकमा आयोजनाले निर्माण गर्ने संरचना, प्रसारण लाइन र वितरण लाइनलाई समेत जनाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(ज) "विभाग" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ।

(झ) "संरक्षक" भन्नाले संरक्षित क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारले खटाएको प्रमुख संरक्षण अधिकृत सम्झनु पर्छ र सो शब्दले संरक्षण क्षेत्रमा कार्यरत सम्पर्क अधिकृतलाईसमेत जनाउँछ ।

(ञ) "संरक्षित क्षेत्र" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्र सम्झनु पर्छ ।

(ट) "संरक्षित क्षेत्र कार्यालय" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालय सम्झनु पर्छ।

(ठ) "सम्भाव्यता अध्ययन" भन्नाले आयोजनाको पूर्व सम्भाव्यता अध्ययन, सम्भाव्यता अध्ययन वा विस्तृत आयोजना प्रतिवेदन तयारी सम्झनु पर्छ।

३. **<u>संरक्षित क्षेत्र नपर्ने गरी आयोजना तर्जुमा गर्नुपर्ने:</u>** (१) कुनै पनि आयोजनाको आयोजना तर्जुमा गर्दा सम्भव भएसम्म संरक्षित क्षेत्र नपर्ने गरी गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम आयोजना तर्जुमा गर्दा आयोजना सञ्चालन गर्न संरक्षित क्षेत्रको जग्गा नै प्रयोग गर्नुपर्ने अवस्था भएमा अति आवश्यक पर्ने न्यूनतम क्षेत्र मात्र प्रयोग गर्ने वा न्यूनतम रुख बिरुवा हटाउनु पर्ने वा वन्यजन्तुको बासस्थानमा न्यूनतम क्षति पुग्ने विकल्पको छनौट गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विकल्प छनौट गर्दा अति संवेदनशील क्षेत्रअन्तर्गत नेपाल सरकारले निर्धारण गरेको आधार र सूचकबमोजिम वन्यजन्तु तथा वातावरणलाई गम्भीर प्रतिकूल असर गर्ने क्षेत्रमा निर्माण हुने गरी कुनै पनि आयोजनाको तर्जुमा र स्थान छनौट गरिने छैन।

४. **सहमति लिनुपर्ने:** (१) दफा ३ बमोजिम आयोजना सञ्चालनको लागि संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्नुपर्ने भएमा त्यस्तो आयोजनाको सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन वा सर्वेक्षण गर्नुअघि अनुमति दिने निकाय वा आयोजनासँग सम्बन्धित मन्त्रालयले त्यस्तो अध्ययन गर्नु वा अनुमति दिनुअघि मन्त्रालयमार्फत विभागको सहमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सहमति माग गर्दा देहायका विवरण उल्लेख गरेको प्रारम्भिक प्रतिवेदनसहित विभागसमक्ष निवेदन दिनु पर्नेछः-

(क) आयोजना कार्यान्वयन हुने क्षेत्रको चार किल्लाको जिपिएस कोअर्डिनेट वा रुट अलाइन्मेन्ट,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आयोजनाको प्रमुख विशेषता, संरचनाको विवरण, ले-आउट तथा मुख्य संरचनाको जिपिएस कोअर्डिनेट।

(३) उपदफा (१) बमोजिम कुनै आयोजनाको सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन वा सर्वेक्षण गर्ने प्रयोजनको लागि अनुमति दिने निकाय वा आयोजनासँग सम्बन्धित मन्त्रालयबाट सहमति माग भई आएमा विभागले सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन वा सर्वेक्षण गर्न सहमति दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम सहमति प्रदान गर्दा कुनै पनि आयोजनाको सम्भाव्यता अध्ययन तथा वातावरणीय अध्ययनको लागि एकै पटक सहमति प्रदान गर्न सकिनेछ।

(५) उपदफा (३) बमोजिम विभागले सहमति प्रदान गर्न आवश्यक ठानेमा देहायका विवरणसहितका कागजात पठाउन सम्बन्धित संरक्षित क्षेत्र कार्यालयमा लेखी पठाउन सक्नेछः-

(क) प्रस्तावित आयोजनालाई प्रयोग गर्न दिनुपर्ने संरक्षित क्षेत्रभित्र रहेको जग्गाको स्थान, क्षेत्रफल, चारकिल्ला र जिपिएस कोअर्डिनेट खुलेको नापनक्सासहितको स्थलगत विवरण,

(ख) आयोजना कार्यान्वयन गर्दा प्रयोग हुने संरक्षित क्षेत्र वरिपरिको वनको प्रकार, वनस्पतिका प्रजातिसहितको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरण र वन्यजन्तुको बासस्थानमा पर्नसक्ने असर तथा प्रभाव,

(ग) आयोजना कार्यान्वयन गर्दा प्रयोग हुने संरक्षित क्षेत्र वरिपरि रहेका सिमसार क्षेत्र र अन्य पानीका स्रोतहरूको विवरण,

(घ) प्रस्तावित आयोजना स्थल वरिपरि रहेका ऐतिहासिक, धार्मिक-सांस्कृतिक, वैज्ञानिक महत्त्वका क्षेत्रको विवरण।

(६) अति संवेदनशील क्षेत्र भएको कारण कुनै पूर्वाधार बनाउन उपयुक्त नभएको भनी संरक्षित क्षेत्र कार्यालयबाट उपदफा (३) अनुसारका विवरण उल्लेख गरी लेखी आएमा आवश्यकताअनुसार विभागले पुनः अध्ययन गराई आयोजनालाई सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन वा सर्वेक्षण गर्न दिन उपयुक्त देखेमा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन वा सर्वेक्षणको लागि सहमति दिन मन्त्रालयमार्फत नेपाल सरकारमा सिफारिस गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको विभागको सिफारिसको आधारमा त्यस्तो आयोजनालाई सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन वा सर्वेक्षण गर्न दिन उपयुक्त देखिएमा नेपाल सरकारले उपदफा (३) र (४) बमोजिम सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन वा सर्वेक्षणको लागि सहमति दिन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) यो दफाबमोजिम सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन वा सर्वेक्षणको लागि उपदफा (१) बमोजिम सहमति माग भई आएको अवस्थामा अति संवेदनशील क्षेत्रमा पर्ने स्थलबाहेक अन्य स्थलको हकमा सम्बन्धित स्थलको भौगोलिक अवस्था तथा मौसमको अनुकूलतासमेतका आधारमा बढीमा तिस दिनभित्र विभागले सहमतिसम्बन्धी निर्णय गरी सम्बन्धित निकायलाई जानकारी दिनु पर्नेछ र सो अवधिभित्र जानकारी नदिएमा सो विषयमा विभागको सहमति रहेको मानिनेछ।

(९) उपदफा (३) बमोजिम सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन वा सर्वेक्षणको लागि सहमति दिए पनि वातावरणीय अध्ययन प्रतिवेदनले संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्न उपयुक्त छैन भनी सिफारिस गरेको खण्डमा संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्न दिन बाध्यकारी भएको मानिने छैन।

(१०) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुनुअघि जलविद्युत उत्पादन सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी लगानीसमेत गरिसकेका जलविद्युत आयोजनाको हकमा मन्त्रालयले अध्ययनको सहमति दिन सक्नेछ। यसरी सहमति प्राप्त गरी सञ्चालन हुने आयोजनाले यस कार्यविधिमा उल्लिखित सर्तको पालना गर्नु पर्नेछ।

५. <u>वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्ने</u>: (१) दफा ४ बमोजिम सहमति प्राप्त गरी सम्बन्धित मन्त्रालयबाट अनुमति प्राप्त गरेको आयोजना वा नेपाल सरकारले अध्ययनको लागि प्रस्ताव गरेको आयोजनाले त्यस्तो आयोजना कार्यान्वयन गर्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वातावरणमा पर्ने प्रभावको सम्बन्धमा प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन गर्नुअघि आयोजनासँग सम्बन्धित मन्त्रालयले मन्त्रालयमार्फत विभागमा जानकारी गराउनु पर्नेछ।

(३) यस दफाबमोजिम वातावरणीय अध्ययन गर्दा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयसँग समन्वय गरी सो कार्यालयकोसमेत प्रतिनिधित्व गराउनु पर्नेछ।

६. **संरक्षित क्षेत्रको जग्गा प्रयोगको लागि निवेदन दिनुपर्ने:** (१) दफा ४ बमोजिम गरिएको सम्भाव्यता अध्ययनबाट संरक्षित क्षेत्र प्रयोग गर्नुपर्ने देखिएमा र दफा ५ बमोजिम गरिएको वातावरणीय अध्ययन प्रतिवेदनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा आयोजनाले देहायका विवरण समावेश गरी संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्न आयोजनासँग सम्बन्धित मन्त्रालयको सिफारिससहित मन्त्रालयमा निवेदन दिनुपर्नेछः-

(क) सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(ग) आयोजना सञ्चालनको लागि सम्बन्धित निकायबाट जारी भएको अनुमतिपत्रको प्रतिलिपि,

(घ) संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्दा सो जग्गाबाट हटाउनुपर्ने पाँच इन्च गोलाइभन्दा बढीको रुख बिरुवाको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१ बमोजिमको ढाँचामा लगतसहितको विवरण,

(ङ) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन वा विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) वा विस्तृत इन्जिनियरिङ डिजाइन प्रतिवेदनलगायतका स्वीकृत कार्यक्रमसम्बन्धी कागजात,

(च) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको आयोजना वा लगानी बोर्डबाट स्वीकृत आयोजना भएको प्रमाण खुल्ने कागजात।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लगानी बोर्डबाट स्वीकृत हुने आयोजनाको हकमा सो बोर्डमार्फत मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

७. **राय माग गर्ने:** (१) दफा ६ बमोजिमको निवेदन प्राप्त भएपछि सो दफाको उपदफा (१) बमोजिमको विवरणको सम्बन्धमा मन्त्रालयले विभागमार्फत संरक्षित क्षेत्र कार्यालयबाट राय माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राय माग भएकोमा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयले स्थलगत अध्ययन गरी स्थलगत प्रतिवेदनसहितको राय पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम राय पेस गर्दा नेपाल सरकारबाहेक अन्य संस्था वा समुदायले व्यवस्थापन गरेका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संरक्षण क्षेत्रको हकमा संरक्षकले व्यवस्थापनको जिम्मेवारी पाएको सम्बन्धित संस्थाको प्रधान कार्यालय वा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्को राय लिई सोसमेत संलग्न गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम संरक्षित क्षेत्रको कुनै भाग प्रयोग गर्ने सम्बन्धमा संरक्षित क्षेत्र कार्यालयबाट स्थलगत प्रतिवेदनसहितको राय प्राप्त भएपछि विभागले सोको अध्ययन गरी आवश्यक परेमा स्थलगत अनुगमनसमेत गरी आफ्नो रायसहित मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम विवरण तथा कागजात प्राप्त भएपछि मन्त्रालयले त्यस्तो विवरण तथा कागजात अध्ययन गरी संरक्षित क्षेत्रको कुनै भागको जग्गा प्रयोग गर्न र त्यसमा रहेका रुख बिरुवा हटाउन दिन उपयुक्त हुने देखेमा यस कार्यविधि बमोजिम त्यस्तो आयोजनाले पालना गर्नुपर्ने सर्त तोकी सो पालना गर्ने प्रतिबद्धताको लागि सम्बन्धित आयोजनालाई लेखी पठाउन सक्नेछ।

८. **<u>नेपाल सरकारसमक्ष पेस गर्ने:</u>** (१) दफा ७ को उपदफा (५) बमोजिम लेखी पठाएकोमा सम्बन्धित आयोजनाबाट प्रतिबद्धता प्राप्त भएमा प्रयोग गर्न दिने संरक्षित क्षेत्रको नाम र ठेगाना, क्षेत्रफल, प्रयोग गर्न दिने जग्गाको चारकिल्ला र जिपिएस कोअर्डिनेट, हटाउनुपर्ने रुख बिरुवाको सङ्ख्या र आयोजनाले पालना गर्नुपर्ने सर्तसहित मन्त्रालयले त्यस्तो संरक्षित क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने गरी संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्न दिने निर्णयको लागि नेपाल सरकारसमक्ष पेस गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको विषय उपयुक्त भएमा नेपाल सरकारले त्यस्तो संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्न दिने निर्णय गर्न सक्नेछ।

९. **<u>जग्गा उपलब्ध गराउनुपर्ने:</u>** (१) दफा ८ बमोजिम नेपाल सरकारबाट आयोजना सञ्चालनका लागि संरक्षित क्षेत्रको कुनै जग्गा प्रयोग गर्न दिने निर्णय भएमा उपलब्ध गराइएको जग्गाको क्षेत्रफलमा नघट्ने गरी समान भौगोलिक अवस्था र पारिस्थितिकीय प्रणाली भएको जग्गा सट्टाभर्ना स्वरूप नेपाल सरकारलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजनाले जग्गा उपलब्ध गराउन नसकेमा जग्गा उपलब्ध गराउने प्रयोजनको लागि जग्गा प्राप्ति सहजीकरण समितिमा लेखी पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको जग्गा संरक्षित क्षेत्र कायम गर्ने प्रयोजनको लागि पहिले आयोजनाको नाममा र आयोजनाको नाममा पारित भएपछि विभागको नाममा रजिस्ट्रेसन पारित गर्न संरक्षित क्षेत्र कार्यालयले सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लेखिआएमा सम्बन्धित मालपोत कार्यालयले त्यस्तो जग्गा सम्बन्धित आयोजनाको नाममा रजिस्ट्रेसन पारित गर्नु पर्नेछ र यसरी आयोजनाको नाममा रजिस्ट्रेसन पारित भएपछि आयोजनाको विवरण खुल्ने गरी तत्काल विभागको नाममा रजिस्ट्रेसन पारित गरी वन क्षेत्र कायम गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (४) बमोजिम कायम भएको वन क्षेत्रको व्यवस्थापन नेपाल सरकारले तोकेबमोजिम हुनेछ।

(६) सम्बन्धित मालपोत कार्यालय तथा स्थानीय तहले उपदफा (४) बमोजिम विभागको नाममा आएको जग्गाको लगत कट्टा गरी वन क्षेत्र कायम गरी अभिलेख राख्नु पर्नेछ।

(७) उपदफा (४) बमोजिम कायम भएको वन क्षेत्रको जग्गा र उपदफा (५) बमोजिमको त्यस्तो वन क्षेत्रको व्यवस्थापनसम्बन्धी विवरण मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१०. **<u>जग्गा प्राप्ति सहजीकरण समितिः</u>** (१) दफा ८ बमोजिम नेपाल सरकारले गरेको निर्णयबमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्ने आयोजनाले दफा ९ बमोजिम उपलब्ध गराउनु पर्ने जग्गा प्राप्तिको लागि सहजीकरण गर्न प्रत्येक जिल्लामा देहायबमोजिमको जग्गा प्राप्ति सहजीकरण समिति रहनेछः-

(क)	प्रमुख जिल्ला अधिकारी	-संयोजक
(ख)	प्रमुख, नापी कार्यालय	-सदस्य
(ग)	प्रमुख, मालपोत कार्यालय	-सदस्य
(घ)	प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय	-सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) वडा अध्यक्ष, आयोजना सञ्चालन हुने सम्बन्धित स्थानीय तहको वडा -सदस्य

(च) संरक्षक, सम्बन्धित संरक्षित क्षेत्र कार्यालय -सदस्य

(छ) प्रमुख, सम्बन्धित आयोजना -सदस्य-सचिव

(२) दफा ९ को उपदफा (२) बमोजिम सहजीकरणको लागि लेखिआएमा जग्गा प्राप्ति सहजीकरण समितिले उपयुक्त स्थानको जग्गा खरिद वा प्राप्तिको लागि आवश्यक सहजीकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सहजीकरण गर्दासमेत त्यस्तो जग्गा उपलब्ध नभएमा सो समितिले विभागसमक्ष सोही व्यहोराको सिफारिस गर्नु पर्नेछ।

११. **रकम जम्मा गर्नुपर्ने:** (१) दफा १० को उपदफा (३) बमोजिम जग्गा उपलब्ध नभएको व्यहोराको सिफारिस भएमा विभागले सम्बन्धित आयोजनालाई वन विकासको लागि जग्गा खरिदबापत रकम जम्मा गर्न स्वीकृति दिनु पर्नेछ र त्यसरी स्वीकृति प्राप्त भएमा सम्बन्धित आयोजनाले अनुसूची-२ बमोजिमको रकम दाखिला गर्नु पर्नेछ।

(२) यो कार्यविधि प्रारम्भ हुनुअघि संरक्षित क्षेत्रभित्र सञ्चालन गर्ने गरी सम्झौता भएको आयोजनालेसमेत दफा ९ बमोजिम जग्गा उपलब्ध गराउनु पर्नेछ र सोबमोजिम जग्गा उपलब्ध गराउन नसकेमा त्यस्तो आयोजनाले वन विकासको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागि जग्गा खरिद बापत उपदफा (१) बमोजिमको रकम जम्मा गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दाखिला भएको रकम अर्थ मन्त्रालयले वार्षिक बजेटमार्फत सोही प्रयोजनका लागि मन्त्रालयलाई उपलब्ध गराउने छ।

१२. **सम्झौता गर्ने:** (१) दफा ९ बमोजिमको जग्गा उपलब्ध गराएपछि मात्र विभागले आवश्यक सर्तसहित संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्न त्यस्तो आयोजनासँग सम्झौता गरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौताको पालना भए नभएको सम्बन्धमा संरक्षित क्षेत्र कार्यालयले नियमित अनुगमन गरी वार्षिक रूपमा विभागमा प्रतिवेदन पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा आयोजनाले सम्झौताका सर्त पालना नगरेको पाइएमा संरक्षित क्षेत्र कार्यालयले अवधि तोकी त्यस्तो सर्त पालना गर्न सम्बन्धित आयोजनालाई निर्देशन दिनु पर्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु आयोजनाको कर्तव्य हुनेछ।

(४) उपदफा (३) बमोजिमको निर्देशन पालना नगर्ने आयोजनालाई संरक्षित क्षेत्र कार्यालयले प्रचलित कानूनबमोजिम कारबाही गर्नुपर्नेछ र सो आयोजनासँग भएको सम्झौता रद्द गर्न विभागलाई सिफारिस गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भई आएमा विभागले सम्झौता रद्द गर्न सक्नेछ।

तर त्यसरी सम्झौता रद्द गर्नुअघि विभागले आयोजनालाई लिखितरूपमा सफाइको मौका दिनुपर्नेछ।

१३. **सम्झौता गरिसकेको आयोजनाको म्याद थपः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुनुअघि प्रचलित कानूनबमोजिम सट्टाभर्नाबापतको जग्गा उपलब्ध गराउने गरी विभागसँग निश्चित समयावधि तोकी सम्झौता भएका आयोजनाले त्यसरी तोकिएको समयमा जग्गाको सट्टाभर्ना गर्न नसकेको भएमा सट्टाभर्ना जग्गा उपलब्ध गराउन नसकेको कारण खोली म्याद थपको लागि विभागसमक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन सम्बन्धमा विभागले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिब भएमा त्यस्तो आयोजनाको म्याद थपको लागि मन्त्रालयसमक्ष सिफारिस गर्न सक्नेछ र विभागबाट सिफारिस प्राप्त भएमा मन्त्रालयले सोको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न सक्नेछ।

तर सम्झौताको म्याद सकिएको अवधिदेखि म्याद थप प्रारम्भ हुने अवधिसम्मको अनुसूची-४ बमोजिमको राजस्व बुझाएपछि मात्र म्याद थपको लागि सिफारिस गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिसको आधारमा नेपाल सरकारबाट म्याद थपको निर्णय भएमा जग्गा उपलब्ध गराउने अवधिबाहेक अन्य सर्त पूर्व सम्झौताबमोजिम नै हुनेछ।

१४. **क्षति न्यूनीकरणका उपाय अपनाउनु पर्ने:** (१) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी सञ्चालन हुने आयोजनाले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका क्षति न्यूनीकरणका उपाय अपनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम क्षति न्यूनीकरणका उपाय अपनाउँदा लाग्ने खर्च सम्बन्धित आयोजनाले नै व्यहोर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका आयोजनाले पूर्वाधार निर्माण गर्दा वन्यजन्तु र वन्यजन्तुको बासस्थान र आवतजावतमा असर नपर्ने गरी वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमका एउटै नदी वा खोलामा निर्माण हुने जलविद्युत आयोजनाले सम्भव भएसम्म आपसी समन्वय गरी बाटो र प्रसारण लाइनलगायतका पूर्वाधार एउटै प्रयोग गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिमका जलविद्युत आयोजनाले निकुञ्ज वा आरक्षभित्र सम्भव भएसम्म हेडरेस नहर, हेडरेस पाइप, पेनस्टक पाइप र पावर हाउससमेत भूमिगत गर्नुपर्नेछ।

१५. **क्षतिपूर्ति उपलब्ध गराउने:** (१) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी आयोजना सञ्चालन गर्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

संरक्षित क्षेत्रमा आश्रित कुनै व्यक्ति, समूह वा समुदायको जीविकोपार्जनमा प्रतिकूल असर परेमा वा कुनै हानिनोक्सानी भएमा सम्बन्धित आयोजनाले त्यस्तो हानिनोक्सानीको उचित क्षतिपूर्तिको व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउनुपर्ने क्षतिपूर्ति निर्धारण गर्दा जग्गा प्राप्ति सहजीकरण समितिको सिफारिसमा गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम क्षतिपूर्ति निर्धारणको लागि सिफारिस गर्दा जग्गा प्राप्ति सहजीकरण समितिले सम्बन्धित विज्ञको सहयोग लिन सक्नेछ।

१६. **आयोजना सञ्चालनको लागि संरक्षित क्षेत्रमा प्रवेशः** (१) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी सञ्चालन गरिने आयोजना सञ्चालन गर्नुअघि त्यस्तो आयोजना सञ्चालनको लागि प्राप्त अनुमतिपत्र र अन्य कागजातसहित संरक्षित क्षेत्रमा प्रवेशको लागि संरक्षित क्षेत्र कार्यालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा संरक्षकले आवश्यक जाँचबुझ गरी संरक्षित क्षेत्रमा आयोजना सञ्चालनको लागि प्रवेश गर्न अनुमति दिनुपर्नेछ।

१७. **रुख हटाउने र वन पैदावार व्यवस्थापन गर्नेः** (१) दफा १२ बमोजिम विभाग र आयोजनाबिच भएको सम्झौता प्राप्त भएपछि संरक्षित क्षेत्र कार्यालयले त्यस्तो आयोजना सञ्चालनका लागि हटाउनु पर्ने रुखको छपान मूल्याङ्कन गरी विभागमा पठाउनु

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्नेछ र विभागबाट प्रमाणित भई आएपछि कटान आदेश उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रुख हटाउन स्वीकृत पाएको आयोजनाले आफ्नै खर्चमा रुख, बिरुवा तथा अन्य वन पैदावार कटान, मुछान तथा सङ्कलन गरी संरक्षकले तोकिदिएको स्थानमा घाटगद्दी गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका कार्य संरक्षकले तोकेको कर्मचारीको रोहबरमा सम्पन्न गरी संरक्षित क्षेत्र कार्यालयलाई वन पैदावार हस्तान्तरण गर्नुपर्नेछ। यसरी प्राप्त वन पैदावार सम्बन्धित संरक्षित क्षेत्र कार्यालयले प्रचलित कानूनबमोजिम लिलाम बिक्री गर्नुपर्नेछ।

तर मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्रभित्र काटिएका रुख बिरुवा संरक्षित क्षेत्र कार्यालयले अभिलेख राखी सम्बन्धित उपभोक्ता समिति वा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्लाई निःशुल्क उपलब्ध गराउन सक्नेछ।

(४) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी आयोजना सञ्चालन गर्दा निस्किएको ढुङ्गा, गिट्टी वा बालुवा प्रयोग गर्नुपर्ने भएमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनको अधीनमा रही सम्बन्धित आयोजनाले वन नियमावली, २०७९ अनुसारको नदीजन्य वन पैदावारको लागि निर्धारण गरिएबमोजिमको दस्तुर बुझाई प्रयोग गर्न सक्नेछ।

१८. **<u>क्षतिपूरक वृक्षारोपण:</u>** (१) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी आयोजना सञ्चालन गर्दा हटाइएका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रुखको दश गुणा बिरुवा संरक्षकले तोकेको स्थानमा आयोजनाले आफ्नै खर्चमा क्षतिपूरक वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार सम्भार गरी वृक्षारोपण गरिएका रुख बिरुवाहरू हुर्काइ संरक्षित क्षेत्र कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ।

(२) दफा ९ वा ११ बमोजिमको जग्गामा सम्बन्धित आयोजनाले प्रति हेक्टर एक हजार छ सयका दरले वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहारसम्भार गरी वृक्षारोपण गरिएका रुख बिरुवा हुर्काइ संरक्षित क्षेत्र कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ।

तर आयोजनाले रुख बिरुवासहितको जग्गा उपलब्ध गराएमा त्यस्तो जग्गामा रहेको वनको संवर्धन गरी कम्तीमा प्रति हेक्टर एक हजार छ सय बिरुवा कायम गर्न तथा पाँच वर्षभन्दा कम उमेरका बिरुवा भएमा पाँच वर्षसम्म हुर्काउन लाग्ने खर्च आयोजनाले उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम आयोजनाले क्षतिपूरक वृक्षारोपण गर्न नसक्ने भएमा विभागले तयार गरेको लागत अनुमान बमोजिमको रकम सम्बन्धित आयोजनाले दाखिला गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको लागत अनुमानमा आयोजना कार्यान्वयन गर्दा हटाइने रुख र बल्लाबल्लीको सङ्ख्याको दश गुणाको दरले हुने बिरुवाको वृक्षारोपण गर्न लाग्ने लागत र सट्टाभर्ना स्वरूप उपलब्ध गराएको जग्गामा प्रति हेक्टर एक हजार छ सयका दरले वृक्षारोपण गरी पाँच

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वर्षसम्म स्याहारसम्भार गर्न लाग्ने खर्च रकमसमेत समावेश गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम विभागले लागत अनुमान तयार गर्दा बहुवर्षीय बिरुवा उत्पादन वा खरिद, बिरुवा ढुवानी, प्रति हेक्टर एक हजार छ सय बिरुवाको दरले वृक्षारोपण, वृक्षारोपण संरक्षणको लागि तारबार वा पर्खाल र पाँच वर्षको लागि आवश्यक हेरचाह गर्ने व्यक्तिको सङ्ख्यासमेतलाई आधार मान्नुपर्नेछ।

(६) यो कार्यविधि प्रारम्भ हुनुअघि सम्झौता भई क्षतिपूरक वृक्षारोपण गर्न नसकेका आयोजनाले यो कार्यविधि प्रारम्भ भएको छ महिनाभित्र उपदफा (३) बमोजिमको रकम दाखिला गर्नुपर्नेछ।

(७) उपदफा (३) वा (६) बमोजिम रकम दाखिला भएकोमा त्यस्तो जग्गामा रुख बिरुवा हुर्काउनको लागि लाग्ने खर्च अर्थ मन्त्रालयले हरेक वर्ष वार्षिक बजेटमार्फत मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

(८) नेपाल सरकारले कार्यान्वयन गर्ने आयोजनाले उपलब्ध भएसम्म सम्बन्धित स्थानीय तहको सहमतिमा सार्वजनिक जग्गामा वृक्षारोपण गर्न सक्नेछ।

१९. **<u>आयोजना कार्यान्वयन गर्दा पालना गर्नुपर्ने सर्तः</u>** (१) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी आयोजना सञ्चालनको लागि नदी खोला थुन्दा वा फर्काउँदा नदी खोलामा उच्च सुक्खा मौसम अवधिभर अनुसूची-५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिमको न्यूनतम बहाव वा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएकोमध्ये जुन बढी हुन्छ, सोही प्राकृतिक प्रवाह (नेचुरल फ्लो) सुनिश्चित गरी जलप्रवाह वर्षैभरि निर्बाध खुला छाड्नु पर्नेछ।

(२) राष्ट्रिय निकुञ्ज वा आरक्षको जग्गा प्रयोग गरी सञ्चालन हुने जलविद्युतलगायतका आयोजनाले उत्पादन तथा कार्य सञ्चालन भएपछि नेपाल सरकारलाई बुझाउने राजस्वको थप पाँच प्रतिशत रकम वार्षिक रूपमा दाखिला गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुने थप रकममध्ये पचास प्रतिशत रकम आयोजना सञ्चालन हुने क्षेत्रका प्रभावित स्थानीय तहमार्फत सोही क्षेत्रका प्रभावित स्थानीय समुदायको हितका लागि आवश्यक पर्ने शिक्षा, स्वास्थ्य, खानेपानी, सामुदायिक विकास, न्यायमा पहुँच तथा रोजगारी सिर्जना गर्ने प्रकृतिका कार्यक्रममा लगानी गरिनेछ र बाँकी पचास प्रतिशत रकम संरक्षित क्षेत्रमा रहेका वन जङ्गल, वन्यजन्तु, जडिबुटीको संरक्षण र विकासका साथै सोक्षेत्रको पर्यावरणीय विकास, वातावरण संरक्षण र जलवायु अनुकूलनका कार्यक्रमका लागि खर्च गरिनेछ।

(४) उपदफा (३) बमोजिमको रकम सम्बन्धित स्थानीय तह तथा संरक्षित क्षेत्र कार्यालयले पाउने गरी अर्थ मन्त्रालयले वार्षिक बजेटमार्फत उपलब्ध गराउनु पर्नेछ।।

(५) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी सञ्चालन भएको जलविद्युत आयोजनाको क्षमता पुनः थप हुने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर प्रयोग हुने जग्गा परिवर्तन नहुने र अनुसूची-५ बमोजिम जलप्रवाह कायम हुने देखिएमा विभागमार्फत मन्त्रालयको सहमति लिई विद्युत आयोजनाको क्षमता थप गर्न बाधा पुगेको मानिने छैन।

(६) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी जलविद्युत आयोजना सञ्चालन गर्दा आयोजनाको लागि पूर्वाधार निर्माण गर्नुअघि कायम रहेको स्थिर पानीको सिमसार क्षेत्रमा रहेको पानीको मात्रा नघट्ने गरी सञ्चालन गर्नुपर्नेछ।

२०. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम संरक्षित क्षेत्रको जग्गा प्रयोग गरी सञ्चालन गरिने आयोजनाको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

(क) उपमहानिर्देशक, विभाग - संयोजक

(ख) उपसचिव (प्राविधिक), मन्त्रालय - सदस्य

(ग) बरिष्ठ व्यवस्थापन अधिकृत, विभाग - सदस्य

(घ) बरिष्ठ अनुगमन अधिकृत, विभाग - सदस्य

(ङ) संरक्षक, सम्बन्धित संरक्षित क्षेत्र कार्यालय - सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा आवश्यकताअनुसार आयोजनासँग सम्बन्धित मन्त्रालयको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजनाको कम्तीमा दुई वर्षको एकपटक अनुगमन गरी विभागसमक्ष प्रतिवेदन पेस गर्ने,

(ख) आयोजना सञ्चालन सम्बन्धमा परेका गुनासोको अध्ययन गरी विभागसमक्ष प्रतिवेदन पेस गर्ने,

(ग) सम्झौताको पालना भए नभएको यकिन गर्ने,

(घ) सम्झौताको पालना नभएको भए कारबाहीको लागि सिफारिस गर्ने,

(ङ) आयोजनाले जैविक विविधता, वातावरण, पारिस्थितिकीय प्रणाली तथा सामाजिक प्रणालीमा पारेको प्रभाव र सो प्रभाव न्यूनीकरण सम्बन्धमा गरेका कार्यको अध्ययन गरी सुधारका लागि आयोजनालाई निर्देशन दिने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) संरक्षित क्षेत्रभित्र सञ्चालन हुने भावी आयोजनाका सम्बन्धमा आवश्यक सुधारका लागि सुझाव दिने।

(४) उपदफा (२) बमोजिम पेस भएको प्रतिवेदनको कार्यान्वयनको लागि विभागले सम्बन्धित संरक्षित क्षेत्र कार्यालयलाई निर्देशन दिन वा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

२१. **निर्देशन दिन सक्ने:** मन्त्रालय वा विभागले संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित आयोजनालाई आवश्यक निर्देशन दिन सक्नेछ।

२२. **बचाउ:** यो कार्यविधि प्रारम्भ हुनुअघि संरक्षित क्षेत्रभित्र जलविद्युत् उत्पादन गर्न नेपाल सरकारबाट अनुमति पाई लगानीसमेत गरिसकेका आयोजनाको हकमा संरक्षित क्षेत्रको जग्गा उपलब्ध गराउने सम्बन्धमा भए गरेका कामकारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

मुद्रण विभाग, नेपाल सरकार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(दफा ६ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)

आयोजना कार्यान्वयन गर्दा संरक्षित क्षेत्रबाट हटाउनु पर्ने रुख बिरुवाको लगत विवरण

आयोजनाको नाम:

जिल्ला:

नगरपालिका/गाउँपालिका:

वनको क्षेत्रफल:

वन पैदावारको विवरण:

(क) रुख

क्र.सं.	प्रजाति	गोलाइ इन्च	उचाइ फिट	प्राप्त हुनसक्ने वन पैदावार		मूल्य	जिपियस कोअर्डिनेट	कैफियत
				काठ (क्यूफिट)	दाउरा (क्यूफिट)			

(ख) बल्लाबल्ली

क्र.सं.	प्रजाति	गोलाइ इन्च	उचाइ फिट	प्राप्त हुनसक्ने वन पैदावार		मूल्य	जिपियस कोअर्डिनेट	कैफियत
				काठ (क्यूफिट)	दाउरा (क्यूफिट)			

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) लाथ्रा र बिरुवा

क्र.सं.	प्रजाति	सङ्ख्या	दाउरा	मूल्य

तयार पार्ने:-

दस्तखतः

नामः

पदः

मितिः

प्रमाणित गर्ने:-

दस्तखतः

नामः

पद :

मितिः

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्नेले बुझाउन पर्ने रकम

क्र. सं.	जग्गा प्रयोग गरेको भौगोलिक क्षेत्र	प्रति हेक्टर मूल्य रु.		
		निकुञ्ज/आरक्ष	संरक्षण क्षेत्र	मध्यवर्ती क्षेत्र
१	तराई क्षेत्र	१,०५,००,०००।-	७०,००,०००।-	३५,००,०००।-
२	चुरे तथा भित्री मधेश क्षेत्र	१,२६,००,०००।-	८४,००,०००।-	४२,००,०००।-
३	पहाडी तथा हिमाली क्षेत्र	९०,००,०००।-	६०,००,०००।-	३०,००,०००।-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

आयोजना सञ्चालनका लागि संरक्षित क्षेत्रको जग्गा प्रयोग गर्न दिने प्रमाणपत्रको ढाँचा

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

प्रमाणपत्र नम्बर : मितिः

राष्ट्रिय निकुञ्ज/आरक्ष/मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको जग्गा प्रयोग गर्ने प्रमाणपत्र

नामः

ठेगानाः

प्रयोजनः

अवधिः

नेपाल सरकारको निर्णय मितिः

क्र.सं.	जिल्ला	स्थानीय तह	राष्ट्रिय निकुञ्ज/ आरक्ष/मध्यवर्ती क्षेत्र/संरक्षण क्षेत्रको नाम	क्षेत्रफल	जिपियस कोअर्डिनेट	कैफियत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

<u>प्रमाणपत्र प्रदान गर्नेको:-</u>

दस्तखत:

नाम:

पद: महानिर्देशक

मिति:

<u>द्रष्टव्य:</u>

१. यो प्रमाणपत्र नेपाली कागजमा तयार गर्नु पर्नेछ र विभागले यस्तो प्रमाणपत्रको मोठ तयार गरी राख्नु पर्नेछ।

२. यो प्रमाणपत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पाँच हजार रुपैयाँ लाग्नेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

जग्गा सट्टाभर्ना गर्न म्याद थप गर्दा बुझाउनु पर्ने रकम प्रति वर्ष

क्र. सं.	जग्गा प्रयोग गरेको भौगोलिक क्षेत्र	प्रति हेक्टर मूल्य रु.		
		निकुञ्ज/आरक्ष	संरक्षण क्षेत्र	मध्यवर्ती क्षेत्र
१	तराई क्षेत्र	३,५०,०००।-	२,३५,०००।-	१,२०,०००।-
२	चुरे तथा भित्री मधेश क्षेत्र	४,२०,०००।-	२,८०,०००।-	१,४०,०००।-
३	पहाडी तथा हिमाली क्षेत्र	३,००,०००।-	२,००,०००।-	१,००,०००।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-५

(दफा १९ को उपदफा (१) र (५) सँग सम्बन्धित)

उच्च सुक्खा मौसम अवधि (ड्राई पिक पिरियड) भर न्यूनतम जल प्रवाहको प्रतिशत

क्षेत्र	संरचना	विद्युत उत्पादन क्षमता मेगावाटमा		
		२५ सम्म	२५ भन्दा माथि १०० सम्म	१०० भन्दा माथि
मध्यवर्ती क्षेत्र वा संरक्षण क्षेत्र	सम्पूर्ण वा आंशिक भित्र पर्ने	२०%	१५%	१०%
निकुञ्ज/ आरक्ष क्षेत्र	बाँध, हेडरेस नहर, हेडरेस पाइप, टनेल पेनस्टक पाइप र विद्युत उत्पादन गृहमध्ये केही संरचनाभित्र र केही बाहिर परेमा	३०%	२५%	२०%
	सम्पूर्ण संरचना भित्र परेमा	३५%	३०%	२५%
सिमाना क्षेत्र	निकुञ्ज/आरक्षको सिमाना भई बग्ने नदीहरूमा संरचना निर्माण गर्दा	२५%	२०%	१५%

द्रष्टव्यः

१. जलाशययुक्त आयोजनाको हकमा वर्षाको मौसममा पानी सङ्कलन गर्दासमेत माथि उल्लिखित व्यवस्था लागु हुनेछ।

२. १०० मेगावाट भन्दा माथिका जलविद्युत आयोजनाले माथि उल्लिखित मात्रामा कम नहुने गरी कम्तीमा ३.५ क्युसेक पानी निर्वाधरूपमा वर्षैभरी छोड्नु पर्नेछ।

आज्ञाले,
डा. दीपक कुमार खराल
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.३५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।